परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION

साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष १० ❑ अंक १८ २०७८ मंसिर १९ गते आईतवार Sunday 5, DEC 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## साजिद मियाँलाई रिहाई गर्न आफन्तको माग

विराटनगर । साथीसंगको लेनदेनको विवादले ज्यान मार्ने उद्योगमा पुर्पक्षका लागि थुनिएका मोरङ राजधानी इट्टा उद्योगका सञ्चालक अध्यक्ष महमद साजित मियाँलाई रिहाई गर्न पत्रकार सम्मेलन गरी आफ्न्तले मागगरेको छ ।

कटहरी गाउँपालिका वडा नं.६ स्थित मोरङ राजधानी इट्टा उद्योगका सञ्चालक अध्यक्ष मियाँ बेकसुर रहेको भन्दै आफ्न्तहरुले सम्बन्धित निकायसंग माग गर्नुभएको हो ।

मोरङ राजधानी इट्टा उद्योगमा ५० प्रतिशत शेयर रहेको कलामसिंह लामाले हरहिसाव पारदर्शीता नगरेको विषयलाई लिएर दुवै पक्षबीच एकवर्षदेखि विवादहुँदै आएको थियो ।

विवादका कारण असोज १० गते कलामसिंह लामालाई विमल कार्कीले खुकुरी प्रहार गरेर घाईते बनाएका थिए । प्रहारपछि कार्कीलाई प्रहरीले तत्काल नियन्त्रमा लिएर ज्यान मार्ने उद्योगमा प्रहरीले थुनिएको थियो ।

मोरङ राजधानी इट्टा उद्योगका सञ्चालक अध्यक्ष महमद साजित मियाँले नै ज्यान मार्न लगाएको भन्दै मियाँलाई समेत ज्यान मार्ने उद्योगमा लामाले जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गराएका थिए ।

मोरङ जिल्ला अदालतमा जिल्ला न्यायाधीश किशोर घिमिरेको ईजलासमा प्रतिवादी विमल कार्कीले दिएको बयानको जवाफ न ६ मा भनिएको छ । मैले कलामसिंह लामालाई एकचौटी खुकुरी प्रहार गरेको हो । मलाई खुकुरी प्रहार गर्न लामाले नै लगाएका हुन । म एक्लैले खुकुरी प्रहार गरेको कार्कीको वयानमा उल्लेख छ ।

लामाले विभिन्न बहना देखाउँदै ५० प्रतिशत शेयर विवाद गर्दै आएको अध्यक्ष मियाँको आफ्नतहरुले बताएका छन् ।

लामाले अटेर गर्दै मोरङ राजधानी इट्टा उद्योगमा रहेको लाखौं इट्टा बेचिसेको अध्यक्ष मियाँको आफ्नतहरुले वताए ।

वांकी अन्तिम पेजमा...

## राष्ट्रिय जनता दल, नेपाल पिछडावर्ग (ओविसी) महासंघ र जनता समाजवादी पार्टी बीच एकिकरण

हिरालाल साह

विराटनगर । राष्ट्रिय जनता दल, अखिल नेपाल पिछडावर्ग (ओबीसी) महासंघ र जनता समाजवादी पार्टी एकिकरण भएको छ ।

उद्योग बाणिज्य संघ जनकपुरको सभाहलमा शुक्रबार राष्ट्रिय जनता दल र अखिल नेपाल पिछडावर्ग (ओबीसी) महासंघको एकीकरण तथा भातृ संगठन घोषणा सभाको आयोजना गरि एकिकरण भएको हो ।

जसपा नेपालका केन्द्रीय अध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथि उपेन्द्र यादव र राष्ट्रिय जनता दल तथा अखिल नेपाल पिछडावर्ग (ओबीसी) महासंघको अध्यक्ष भरत प्रसाद महतोको उपस्थितिमा जनता समाजवादी पार्टी (जसपा) नेपाल र अखिल नेपाल पिछडावर्ग महासंघले ३ बुंदे सहमतिमा सहकार्य गरि 'पिछडावर्ग (ओविसी) महासंघ नेपाल' घोषणा गरेका छन् ।

घोषणा सभामा अध्यक्ष यादवले ठूला-ठूला राजनीतिक परिवर्तन भए पनि जनताको अवस्थामा कुनै




परिवर्तन नभएको, एकल जातीय राज्य व्यवस्था कायम रहेकोले जातीय भेदभाव समाप्त पार्न सवै उपेक्षित वर्ग एक जुट भइ अन्तिम लडाइ लड्नु पर्ने र सोको लागि जसपा शक्ति संचितिकरणमा निरन्तर कार्यरत रहेको बताएका थिए ।

एउटा नयां आन्दोलनको आवश्यकता रहेको बताउँदै एकल जातीय पकडलाई तोड्न आह्वान गर्दै राज्यको मुख्य शक्तिको रुपमा मानिने शैन्य, न्यायपालिका र राजनीतिक शक्तिमा अझै पनि २० प्रतिशत जनसंख्या रहेको एकल जातिकै वर्चस्व रहेको बताउँदै अध्यक्ष यादवले शासक वर्गको भेदभावपूर्ण नीतिकै कारण देशका ७० प्रतिशत जनताको सत्ता र शक्तिमा चार पाँच प्रतिशत अधिकार समेत नरहेको उल्लेख गरेका थिए । भेदभावपूर्ण नीतिकै कारण पिछडावर्ग हरेक क्षेत्रमा उपेक्षित रहेकोले आरक्षणको व्यवस्था नभए सम्म शक्ति र सत्तामा हैसियत अनुसारको भागीदारी सम्भव नरहेको उनले प्रष्ट पारेका थिए ।

त्यसैगरी राष्ट्रिय जनता दल तथा अखिल नेपाल पिछडावर्ग (ओबीसी) महासंघको अध्यक्ष भरत प्रसाद महतोले भने, 'अखिल नेपाल पिछडावर्ग महासंघलाई आउने दिनमा जसपाको मजबुत भातृसंगठन निर्माण गर्ने र

वाँकी अन्तिम पेजमा...

## भारतीय मोटर साईकलमा तस्करी

झापा । झापाको मेचिनगर नगरपालिका वडा नं. ४ राईसिङ स्थितबाट लागुऔषध ब्राउन सुगर सहित एक जनालाई भारतीय नम्बर प्लेटको मोटरसाईकल सहित पक्राउ गरेको छ । पक्राउ पर्नेमा सोही स्थानका ३७ बर्षिय सम्बर बहादुर आले मगर रहेका छन् ।

शुक्रवार प्रहरी चौकी बाहुनडाँगीबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा भारतबाट नेपाल तर्फ आउदै गरेको डब्लुबी ७४ ए ६०९९ नम्बरको भारतिय मोटरसाइकल सवार रहेका मगरको साथबाट ब्राउन सुगर १४ ग्राम बरामद गरिएको थियो ।

प्रहरीले उनलाई मोटरसाइकल सहित नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यालय काकँरभिट्टाले जनाएको छ ।

## समानतालाई अन्त्य गर्ने खालको पुँजीवाद आवश्यक

बिराटनगर । मोरङ व्यापार संघले शुक्रबार आयोजना गरेको ६५ औं साधारणसभा समुद्घाटन समारोहको प्रमुख अतिथि अर्थमन्त्री जनार्दन शर्मा प्रभाकरले देश विकासका लागि अब असमानतालाई अन्त्य गर्ने खालको सुधारिएको पूँजीवाद आवश्यक रहेको वताए ।

जलविद्युतको अत्याधिक खपत देशमा भएमात्रै आर्थिक समृद्धि हासिल हुने भन्दै १० हजार मेगावाट विद्युत् खपत गर्न सक्ने वातावरण निर्माण गर्नुपर्नेमा मन्त्री शर्माले जोड दिदै प्रदेशलाई र स्थानीय तहलाई बलियो बनाउनु पर्छ, जनतासँग जोडिएका स्थानीय तहलाई बलियो नबनाएसम्म विकास असम्भव छ । देशको विकासका लागि नीजि क्षेत्र र सरकारबीचको सहकार्य गरेर



जान सक्ने वहांका भनाई थियो ।

सुनसरीको अमडुवामा रहेको सरकारको ६ सय २५ विघा जग्गामा उद्योग स्थापनाका लागि चाहिने आवश्यक पूर्वाधार, विद्युत, श्रमशक्ति र जग्गा लिज लिने भए प्रक्रिया मिलाएर दिन आफू तयार रहेको मन्त्री शर्माले बताए । प्रदेश १ मा नयाँ औद्योगिक क्षेत्र निर्माण गर्ने, शैक्षिक टुरिजमको विकास गर्ने र स्वास्थ्य टुरिजमको विकास गर्नुपर्नेमा जोड दिए ।

बैंकको ब्याजदर घटाउने विषयमा उद्योगी व्यवसायीले राखेको जिज्ञासाको उत्तर दिँदै मन्त्री शर्माले बैंकहरुबीचमा पनि एउटा कुरा नभएको बताए । 'एउटाले ब्याजदरको स्थायित्वको कुरा गर्छ, अर्कोले स्वतन्त्र छाड्नु पर्नेमा जोड दिन्छ,' उनले भने, 'यस विषयमा

वाँकी अन्तिम पेजमा...

## आमा र बहिनीको कुटाईबाट मृत्यु

विराटनगर । आमा र बहिनीको कुटपिटबाट मोरङ कटहरी गाउँपालिका वडा नं. ५ का ४० बर्षीय राजेन्द्र उरावको मृत्यु भएको छ ।

कुटपिटमा सम्लग्न रहेका ५५ बर्षीय बातियो उराव र ३० बर्षीय रिता उरावलाई पक्राउ गरिएको छ ।

गत मंसिर ११ गते राजेन्द्रले मादक पदार्थ सेवन गरी बादबिबाद हुँदा आमा र बहिनीले बाँसको लाठिले टाउकोमा प्रहार गर्दा घाईते भएका राजेन्द्रको नोवेल अस्पताल बिराटनगर उपचारको क्रममा आज राती सवाँ १० बजे मृत्यु भएको छ ।

घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

SUKRATARA FURNITURE UDYOG

BIRATNAGAR

9842033365
9805391277

Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## राष्ट्रिय...

पिछडावर्गमा पर्ने जातजातिहरुको केन्द्र र प्रदेशमा सुचिकृत गराउने र पिछडावर्ग (ओविसी) उत्थान विकास समितिको पदाधिकारीको नियुक्ति गर्ने उल्लेख गर्नु भयो। पिछडावर्ग (ओविसी) को आवाज कुनै पनि पार्टीले नस्वीकारेको र जसपाले आवाज सुनिदिएको प्रती धन्यवाद दिएका थिए।

सो कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका मेयर लालकिशोर साहले पार्टीको एकीकरणले जसपाको विभेदपूर्ण सरकार सत्ता विरुद्धको आन्दोलनलाई थप उर्जा प्राप्त भएको बताए।

बिगत २०५५ साल देखि नेपाल पिछडावर्ग (ओविसी) महासंघ उच्चवर्ग, आदीवासी जनजाति र दलितमा नपर्ने झनै ३ दर्जन जातिको हक अधिकारको लागि संघर्ष गर्दै आएको थियो। २०७४ साल मंसिरमा के.पी.ओली सरकारको पालामा नेकपासंग समायोजन घोषणा भएर अखिल नेपाल पिछडाबर्ग महासंघ बनेको थियो। अखिल नेपाल पिछडावर्ग महासंघमा रहेको ३६ वटा जातजाति, २२ ओटा जिल्लामा संगठन बिस्तार र ६५ हजार सदस्य रहेका छन्।

उक्त कार्यक्रममा संघीय सांसद डा.सूर्यनारायण यादव, प्रमोद कुमार साह, ओबीसीका केन्द्रीय प्रवक्ता मनाइ महतो, बर्दिया जिल्ला अध्यक्ष श्रीराम यादव लगायतका वक्ताहरुले शुभकामना मन्तव्य राखेका थिए।

## समानतालाई...

छलफल गरिरहेका छौं।'

शुभकामना मन्तब्यको क्रममा अर्थ सचिव मधु कुमार मरासिनीले सरकारले लिएको ७ प्रतिशत आर्थिक वृद्धिदर लक्ष्य पुरा हुने बताउँदै अहिलेसम्म २७ प्रतिशत पूँजीगत खर्च भइसकेको छ।दयसपटक पूँजीगत खर्चमा इतिहास रच्ने दाबी गर्नु भएको थियो।

उद्योगी-व्यवसायीका प्रतिनिधिले पूँजीगत खर्च बढाउनुपर्ने सुझाव सरकारलाई दिएका थिए। मोरङ व्यापार संघका अध्यक्ष प्रकाश मुन्दडाले विराटनगर विकासमा पछि पर्दै गएको गुनासो गर्दै विमानस्थल विस्तार र नयाँ औद्योगिक क्षेत्र विस्तारको काममा सहयोग गरिदिन आग्रह गरेको थियो।

साधारण सभासँगै नयाँ नेतृत्व चयनको लागि साधारणसभाले निर्वाचन समिति गठन गर्ने छ। निर्वाचन समितिले साधारणसभा भएको एक महिना भित्र निर्वाचन गरिसक्ने संघको विधान रहेको छ।

विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने उद्योगी-व्यवसायी, पत्रकारलाई सम्मान समेत गरिएको थियो। मोरङ व्यापार संघलाई अर्थमन्त्रालयको सल्लाहकार घोषणा समेत गरिएको छ। सो कार्यक्रममा मोरङ व्यापार संघका अध्यक्ष प्रकाश मुन्द्राको अध्यक्षतामा सम्पन्न भएको थियो।

## साजिद...

प्रविादी मोरङ राजधानी इट्टा उद्योगका सञ्चालक अध्यक्ष महमद साजित मियाँलाई मुलुकी अपराध संहिता २०७४ को दफा १ सय ८३ को उपदफा(१) बमोजीमको कसुरमा ऐन संहिताको दफा १ सय ८३ को उपदफा (२) बमोजीम सजाय हुन समेतको मागदावी लिई अभियोगपत्र मुद्दा दायार भएको थियो।

कारागारमा राखेको छ।

प्रतिवादी कार्कीको बयानलाई आधरमानी ततकाल ज्यान मार्ने उद्योगमा पुर्पक्षका लागि थुनिएका मोरङ राजधानी इट्टा उद्योगका सञ्चालक मियाँलाई रिहाइ गर्न र दोषीलाई कारबाही गर्न मियाँको भाई सुफियान खान, माजीत खान र छिमेकी नवीन रेग्मी लगायतले मोरङ जिल्ला अदालतसंग पत्रकार सम्मेलन मार्फत आग्रह गरेका छन।



प्रविादी विमल कार्कीले मोरङ जिल्ला अदालमा र अधिकारप्राप्त अधिकारी समक्ष बयान गर्दा घाईते कलामसिंह लामालाई खुकुरी प्रहार गरेको स्वीकर गरी बयान गरी सकेको छ।

अदालतमा अधिकारप्राप्त अधिकारी समक्ष प्रदतिवादी कार्कीले गरेको बयानको आधारमा किटानी जाहीर पीडितको घा जाँच केश फारमको आधारमा प्रतिवादी कार्की कसूरदार ठहरिएको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ दफा ६७ को उपदफा (१) को (ख) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्षका लागि मुलुकी फौजदारी कार्यविधि संहिता २७४ दफा ८० बमोजिम प्रतिवादी कार्कीलाई मोरङ

लामा विरटनगरमा उपचार गराउँदा गराउँदै विना रिफर गरि काठमाडौं उपचारका लागि गएको भनेता पनि त्यो वहानामात्र भएको आफन्तको आरोप छ।

दुई पक्ष विच भएमो सम्झौता अनुसार लामाले करीब १ करोड रकम प्रालिलाई तिर्नुपर्ने भएकोले त्यो रकम तिर्नु नपरोस भन्दै विभिन्न लफडाहरू गर्दै आएको छ। अहिले पनि बाहिरको यूवाहरू लगाएर ईट्टा भट्टा कब्जामा लिएको आफन्तहरूले आरोप लगाएका छन्।

**बेटा बेटीके बीचमे विभेद नय करू दोनोके स्कुल भेजु।**

# औषधी व्यवसायी श्रेष्ठले गरे ९१ पटक रक्तदान



विराटनगर। विराटनगर ट्राफिकचोकका औषधि व्यवसायी हरिमोहन श्रेष्ठले ९१ औं पटक रक्तदान गरेका छन्।

नोबेल शिक्षण अस्पतालमा उपचारत झापा बैगुनधुराकी ७९ वर्षीय रत्नमाया लिम्बूका लागि उनले शुक्रबार रक्तदान गरेका हुन्। बीएण्डसी अस्पताल विर्तामोडमा उपचार गर्दा निको नभएपछि रेफर गरी नोबेल अस्पताल विराटनगर ल्याइएकी लिम्बूलाई डाक्टरले भने अनुसार एक पिन्ट ताजा रगतको लागि श्रेष्ठले रक्तदान गरेका हुन्।

लिम्बूलाई चाहिने रगत ए पोजेटिभ मिलेपछि श्रेष्ठले रक्तदान गरेको विरामीका नाती महेश राईले बताए। श्रेष्ठले दिएको एक पिन्ट रगत चढाएपछि लिम्बूलाई अस्पतालले डिस्चार्ज गरेको राईले बताए। यसभन्दा अगाडि श्रेष्ठले गत भदौ ७ गते गाईजात्राको दिन मोरङ उर्लाबारीका सञ्जय माझीका लागि ९० औं पटक रक्तदान गरेका थिए।

भदौ ६ गते राति उर्लाबारी-४ वरगाछीमा भएको मोटरसाइकल दुर्घटनामा परि माझीको अस्पताल भर्ना गरिएका उनको करङ भाँचिएर छातिमा रगत जमेको र शल्यक्रियाका लागि ए पोजेटिभको ताजा रगत आवश्यक भएको डाक्टरले भनेकाले श्रेष्ठले रक्तदान गरेर सहयोग पुऱ्याएको विरामीका दाजु भोलानाथ माझीको भनाई छ।

श्रेष्ठले तीन-तीन महिनामा रगतको आवश्यक परेका विरामीलाई दिउँसो राति केही नभनी रगत दिँदै आएका छन्। ८९ औं पटकमा उनले वैशाख १९ गते खोटाङ चिसापानीकी उर्मिला राईका लागि उनले रक्तदान गरेका थिए। त्यसपछि उनले तीन महिना पुग्नसाथ रक्तदान गर्न खोजेपनि कोरोना खोप लगाएको २४ दिनपछि मात्र पाइने भएपछि ढिलो गरी भदौमा मात्र रक्तदान गरेका थिए।

कम्तीमा एक सय पटक रगत दिने रहर रहेको श्रेष्ठले बताए। विराटनगरमा १ सय पटक भन्दा बढी रगत दिनेमा डा. केएन ठाकुरको कीर्तिमान छ। तर ठाकुरले अहिले वृद्धावस्थाका कारण दिन छाडेका छन्। विराटनगरका अर्का रक्तदाता घनश्याम राठीले ६२ पटक रगत दिएका छन्। यस्तै नेपालमा प्रेमसागर कर्मचार्य (काठमाडौं) १६७ पटक र बढी पटक रक्तदान गर्ने नेपालीमा अर्जुन मैनाली छन्।

हाल अमेरिकामा रहेका मैनालीले २०० पटक रक्तदान गरिसकेका छन्। यस अवधिमा उनले दिएको रगत ६ सय जनाको जीवन रक्षाका लागि उपयोग भएको जनाइएको छ।

१८

**विवाह गर्न नगरौं हतार**
**जरुरी छ शिक्षा र संस्कार**

बीस वर्ष पुगेपछि मात्र विवाह गरौ र गराऔं,
उमेर पुग्नु अधिको विवाह सामाजिक र कानुनी अपराध हो। त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानीनी व्यवस्था छ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




**अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल**

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ।

**हाम्रो सेवाहरु :-**

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# फेरी पनि कोरोनाकै संत्रास

दुई वर्ष पहिले शुरुभएको कोरोना भाईरसले विश्वलाई नै संकटमा पारेको थियो। जसका कारण विश्वकै अर्थतन्त्र धारासाहीको हुनका साथै मानवीय क्षति समेत भएका थियो। कोरोना संक्रमणवाट बच्नको लागि विभिन्न किसिमको खोपहरु पनि उत्पादन भयो त्यो खोप लगाएर केही हद सम्म संक्रमण कम भएको थियो। तर पुन अहिले नयाँ भेरियन्टलको कोरोना भाईरस देखा परेपछि सल्बलाएको मानव जीवन फरीपनि त्रासमै भएको छ। दक्षिण अफ्रिकामा देखा परेको कोभिडको नयाँ भेरिएन्टले विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) का उच्च अधिकारी नै चिन्तामा परि सकेको छ। कोरोना भाईरस विरुद्ध बनेको खोपहरु नयाँ भेरिएन्टका लागि प्रभावकारी नहुने विज्ञहरू वताई सकेको छ। नयां भेरियन्टलको भाईरस दक्षिण अफ्रिकासँगै बोत्सवान, इजराइल र भारत लगायतका मुलुकमा समेत देखा परिसकेको छ। त्यसैले जति छिटो सतर्कता अपनाउन सक्यौ, स्वास्थ्य सुरक्षाका मादपण्ड लागू गर्न सक्यौ, जोगिने उपायको खोजी गर्‍यौं त्यही नै कोरानबाट बच्ने एक मात्र उपाय हुन सक्छ।

नेपालको सन्दर्भमा सरकारको काम गराई हेर्ने हो भने विपत्ती आएपछि मात्र त्यसको लागि आवश्यक जोहो गर्दछ। आएको आपत्तीलाई जाडै बिर्सने हामी नेपालीको बानी नै हो। कोरोना संक्रमण कम भएको मात्र के थियो। हामी मास्क लगाउने, भौतिक दूरी कायम गर्ने, साबुनपानीले हात धुने, स्यानिटाइजरको प्रयोग गर्ने तथा स्वास्थ्य सुरक्षाका मापदण्ड अवलम्बन गर्न छोडि दिएका छौ। त्यसैगरी भीडभाड, सम्मेलन, गोष्ठी, जुलुस, हाटबजार समेत शुरुवात गरिसकेको अवस्था छ। जबकि नयाँ भेरियन्टल कोरोना भईरस पहिलेको भन्दा 'खतरनाक' हुन सक्ने डब्लुएचओले भनिसको छ। त्यसर्थ हामी आफैले भिडभाडमा नजाने, मास्क अनिवार्य लगाउने, साबुनपानीले बारमबार हात धुने, सेनिटाईजरको प्रयोग गर्ने, सामाजिक दुरी कायम गर्ने, अनावश्यक घरबाहिर नजाने लगायतका विधीहरु अपनाए हामी सजिलै कोरोनाको संक्रमणबाट बच्न सक्छौ।

नयाँ भ्यारेन्टको कोरोना भाईरसको संक्रमणबाट बच्च वेलामै त्यसको व्यवस्थापन गर्ने जरुरी छ। स्वास्थ्यको अवस्था कस्तो छ भने, विगतमा कोरोना संक्रमण फैलिएका बेला अक्सिजन र बेडको समेत अभावमा खुला अकाश मुनि उपचार गराएको अनुभव हामीसंग ताजै छ। त्यसैले कोभिड व्यवस्थापनका लागि खाद्य्यानको जोहो, औषधीको व्यवस्थापन, स्वास्थ्य सामग्रीहरुका जोहो, स्वास्थ्यमा देखिएको जनशक्ति अभावलाई परिपुर्ति गर्ने उपाय अस्पतालहरुमा शैया स्तिार, अक्सिजन प्लान्टको व्यवस्थापन लगायतको पूर्व तयारी गर्न जरुरी छ। तर हाम्रा देशका राजनीतिक दलहरुले यी सव कुरमामा ध्यान दिनु भन्दा पनि आफ्नो व्यक्तिगत स्वार्थमा ड्वेको छ। हालै सम्पन्न भएको नेकपा एमालेको अधिवशनमा व्यक्तिलाई सर्व शक्तिमान वनाउन कसैलाई केही वोल्न दिएनन्। तेसैगरी माओवादीमा पनि व्यक्तिवाद हावी छ। नेपाल कांग्रेसमा त झन नातावाद प्रसय पाएको प्रष्ट देखिन्छ। त्यसैले राजनीतिक दलका नेताहरुले व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर देशको जनतालाई करी नयां भेरियन्टको कारोना संक्रमणवाट कसरी जोगाउन सकिन्छ त्यता तिर सबै नेताहरुले मिलेर सोच्न जरुरी छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु** होला। **भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# हुलाकी मार्ग : इतिहासको अन्तरकुन्तर र भविष्यको अवसर

**अजय कुमार झा**

"देशको सर्वाङ्गीण विकासमा सडक यातायात, जसमा भौतिक पूर्वाधारले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। यातायातको अभावमा देशको आर्थिक तथा सामाजिक व्यवस्था पिछडिएको अवस्थामा रहने कुरा वितेका अनुभवबाट सिद्ध भइसकेको छ। कृषि, उद्योग तथा अन्य राष्ट्रिय अर्थ-व्यवस्थामा उत्पादन, वितरण र विनिमय प्रक्रियाको लागि यातायात सेवामा विस्तार हुनु जरूरी भएको हुँदा योजनाबद्ध विकास कार्य र प्रारम्भ भएदेखि नै सडक यातायातको अभावलाई सकभर चाँडो हटाउन यसको निर्माणमा प्राथमिकता प्रदान गर्दै आएको हो। अधिराज्यका अधिकांश जिल्ला अझै सडक यातायातको सुविधाबाट वञ्चित भएर रहेका हुँदा दीर्घकालीन लक्ष्यको आधारमा तर्जुमा गरिएको थियो। पाँचौं योजनामा मुख्यत : चौथो योजनामा निर्माण कार्य प्रारम्भ भएका सडकहरूले नै महत्व पाएका छन" पाँचौं पञ्चवर्षीय योजना (२०३२-२०३७) का शब्दहरू।

चौथो पञ्चवर्षीय योजना (२०२७-२०३२) समाप्त हुँदै गर्दा महेन्द्र राजमार्ग, उत्तर-दक्षिण राजमार्ग र मध्यपहाडी राजमार्गहरू निर्माणाधीन अवस्थामा नै थिए। ती सडकहरूमा पाँचौं पञ्चवर्षीय योजनाको लागि ८६९ किमि सडक निर्माण गर्नु नै अधिकतम लक्ष्य थियो। त्यसमा पनि कालोपत्रे गर्नेसम्मको काम ३४४ किमि सडकमा मात्र थियो। आज पन्ध्रौं पञ्चवर्षीय योजना (२०७५/७६-२०८१/८२) चलिरहँदा देशमा ११ हजार किमीभन्दा बढीको राजमार्गको उपलब्धता छ। यस योजनाले सघन, सन्तुलित, सुलभ, सुरक्षित, गुणस्तरीय एवम् दिगो सडक पूर्वाधारको विकासको सोच बनाएको छ। राष्ट्रिय सडक सञ्जालको विस्तार गरी आर्थिक-सामाजिक विकास, व्यापार सहजीकरण मार्फत आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य लिएको छ। निश्चय पनि नेपाल देशको लागि यो ठूलो उपलब्धि हो।

राजा वीरेन्द्रको शासनकालको चौथो वर्षमा तत्कालीन राष्ट्रिय पञ्चायतले सार्वजनिक सडक ऐन, २०३१ बनायो। ऐनले देशका बाटाहरूलाई चार प्रकारले अर्थात् राजमार्ग, सहायक मार्ग, जिल्ला मार्ग र शहरी मार्ग गरी वर्गीकरण गरेको छ। यो ऐन आउनुअघि चौथो पञ्चवर्षीय योजनामा मार्ग (मोटर चल्ने) र बाटो (मोटर नचल्ने) भनी मुख्य रूपमा वर्गीकरण गरिएको थियो। मार्ग भन्नाले राजमार्ग, मुख्यमार्ग, क्षेत्रीयमार्ग र बाटो भन्नाले चक्रेटो, घोडेटो र गोरेटो भनी स्पष्ट गरिएको थियो।

सडक विभागको सन् २०२०/२१ को तथ्यांक अनुसार वर्तमान समयमा देशमा ११ हजार १७८.९२ किमि राष्ट्रिय राजमार्गको उपलब्धता छ। प्रदेशहरूको स्तरमा हेर्ने हो भने प्रदेश १ मा, २ हजार ३८९.०८, प्रदेश २ मा १ हजार ४६६.२, वागमतीमा २ हजार ५४४, गण्डकीमा १ हजार ६३३.७०, लुम्बिनीमा २ हजार ४५०.०२, कर्णालीमा एक हजार ३४४.४३ र सुदूरपश्चिममा १ हजार ६२१.१८ गरी १३ हजार ४४९.५३ किमी सडकको उपलब्धता छ। यस्तै राष्ट्रिय राजमार्ग सम्बन्धी सडक विभागको तथ्यांक अनुसार प्रदेश १ देखि सम्पूर्ण प्रदेशमा क्रमशः १ हजार ८९२.८६, ९१४.७४, १ हजार ८८९.६८, १ हजार २९९.९७, २ हजार ३८५.१०, १ हजार ४४१.१९, १ हजार ३५५.३८ गरी ११ हजार १७८.९२ किमी राजमार्ग सडकको उपलब्धता छ।

कुनै समय, आफ्नै मुलुकको कुनै कुनै स्थानमा जानका लागि मित्रराष्ट्र भारत गएर फेरि नेपाल पस्नुपर्ने अवस्था थियो। तर अब त्यो अवस्था छैन, इतिहासमा परिणत भइसकेको छ। देशभित्रै घुमघाम गर्न छिमेकी मुलुक गइराख्नुपर्ने बाध्यताको अन्त्य सडकहरूको विकास र विस्तारको कारणले भएको हो। सडकले मानिसको यात्रा समय र यात्रा खर्चमा कमी ल्याएको छ। यसो हुनाको कारणले मानिसले आफूले गर्ने यात्राको पटक, दूरी वा उद्देश्यमा पनि वृद्धि गरेको छ। पहिलेका मानिस आवश्यकताको कारणले यात्रा गर्थे। तर आजका मानिस सम्भावनाको आधारमा पनि यात्रा गर्दछन्। मानिसको जीवनमा सडकको महत्व कति छ भन्ने सवालको जवाफ यति छोटो हुन सक्दैन।

राजविराजको विराटनगर सँगको सम्बन्ध अरू शहरको भन्दा धेरै सघन छ। राजविराजबाट जिल्ला बाहिर जाने-आउनेको संख्या राजविराज-विराटनगर रूटमा सबैभन्दा बढी हुन्छ। उपचार, वाणिज्य, पढाइ, घरवास, जोगबनी नाकाबाट भारतयात्रा आदि उद्देश्यले सप्तरीवासी विराटनगरको यात्रा गर्दछन्। पहिले पहिले, सीधा विराटनगर जाने यात्रुलाई इटहरी गएर विराटनगरतर्फ लाग्नुपर्ने हुन्थ्यो। तर इनरुवा-दुहबी सहायक सडकको कारणले अहिले इटहरी गईराख्नुपर्ने छैन। इनरुवाबाट सीधा पूर्व दुहबी निस्किन पाएदेखि १४ किमीको दूरी बचत भएको छ। जसले गर्दा गाडी र सवारीको तेल, पैसा र समयको ठूलो बचत भएको छ।

महेन्द्र राजमार्ग र कोशी राजमार्ग आपसमा इटहरीमा पुगेर जोडिन्छन्। सुनसरी जिल्लाको पश्चिमी सीमा भएर जाने महेन्द्र राजमार्ग र यस जिल्लाको पूर्वी सीमा भएर जाने कोशी राजमार्गसँग जिल्लाको ग्रामीण भेगलाई जोड्ने काम यस इनरुवा-दुहबी सडकले गरेको छ। महेन्द्र राजमार्ग र कोशी राजमार्गलाई ग्रामीण भेगमा इनरुवा-दुहबी सडकले जोड्ने काम पनि गरेको छ। यस सडकको निर्माणको श्रेय प्रतिनिधिसभा सदस्य तथा पूर्वमन्त्री विजयकुमार गच्छदारलाई दिइन्छ। यस भेगमा सिंचाइ प्रणालीको पनि पहुँच छ। तर यस भेगको कृषि क्षेत्र र कृषक वर्गले यसको लाभ उठाउन सकेको देखिँदैन।

हाल, इनरुवा-दुहबी सडक झैं इनरुवादेखि १० किमी तल लौकहीबाट विराटनगर जोड्ने सडक बन्दै गरेको छ। यो सडक हुलाकी राजमार्गको हिस्साको रूपमा लौकही-विराटनगर खण्ड हो। यो सडक चालू भएपछि राजविराजबाट विराटनगरको लागि निस्कने यात्रुलाई २० किमी दूरीको बचत हुनेछ। लौकहीबाट नरसिंहटप्पु-रामनगर भुटहा-हरिनगरा-चिमडी हुँदै यो सडक बरगाछी (विराटनगर) मा निस्किन्छ। राजविराजदेखि झापा जिल्लासम्मको २२५ किमी हुलाकी राजमार्गको यो महत्वपूर्ण हिस्सा हो।

हुलाकी राजमार्ग भएर राजविराजदेखि सिरहा जाँदा लगभग ६० किमी पर्दछ। जबकि अहिले राजविराजबाट रूपनी-लहान-चौहर्वा हुँदै सिरहा पुग्दा ८० किमी पार गर्नुपर्छ। ८० र ६० बीचको २० किमीको लाभ यस खण्डको हुलाकी राजमार्ग पूर्ण रूपमा तयार भएपछि मात्र यात्रुले पाउने छन्। हुलाकी राजमार्ग भएर राजविराजदेखि जनकपुर (कदमचोक) जाँदा ८५ किमी पर्दछ। जबकि अहिले राजविराजबाट रुपनी-लहान-ढल्केवर हुँदै जनकपुर पुग्दा १२५ किमी पार गर्नुपर्दछ। १२५ र ८५ बीचको ४० किमीको लाभ यस खण्डको हुलाकी राजमार्ग पूर्ण रूपमा तयार भएपछि मात्र यात्रुले पाउने छन्। हुनत कतै ग्राभेल र कतै पीचको अवस्थामा पनि स्थानीय आवागमन जनकपुरसम्मै भइरहेको थियो। तर कमलानदीको पुल भासिएका कारण त्यो आवागमन पनि अवरुद्ध छ। कमोवेश यही अवस्था जीर्णोद्धार भइसकेका सम्पूर्ण हुलाकी राजमार्गको छ। तराई मधेशका बस्तीको बीचबाट गएको हुलाकी राजमार्गको तराईवासी मधेशीको लागि महत्व कति छ त्यो यसैबाट स्पष्ट हुन्छ।

सडकहरू शरीरका धमनी झैं हुन्, जसबाट देशको अर्थतन्त्र चल्छ। उत्पादकलाई बजार र श्रमिकहरूलाई रोजगारसँग जोड्दछ। हुलाकी राजमार्गको निर्माण पनि त्यसैको हिस्सा हो। हुलाकी राजमार्ग बन्न थालेदेखि मधेशको मुहारमा रौनक बढ्न थालेको छ। हुलाकी राजमार्ग पूर्ण क्षमतामा प्रयोगमा आएपछि तराई-मधेशको पिछडिएको दक्षिणी भू-भाग पनि प्रदीप्त हुनेछ

राजा महेन्द्रले २०१८ साल मंसीर ३ गते पूर्व झापादेखि पश्चिम कञ्चनपुर जिल्लासम्म पूर्व-पश्चिम राजमार्गको निर्माण गर्ने घोषणा गरे, जसको नाम महेन्द्र राजमार्ग राखियो। त्यसअघि पूर्व-पश्चिमको व्यवहार हुलाकी मार्गबाटै चल्थ्यो। हुलाकी मार्ग पूर्व झापादेखि पश्चिम कञ्चनपुर जिल्लासम्मकै परम्परागत मार्ग हो। पुरातन हुलाकी राजमार्ग र आधुनिक महेन्द्र राजमार्ग नेपालको पूर्वदेखि पश्चिमसम्मको समानान्तर मार्ग हो, जसको लम्बाइ समान रूपमा १००० किमी भन्दा बढी रहेको छ। दुवै राजमार्गबीचको अन्तर १० देखि २० किमीसम्म रहेको छ।

हुलाकी राजमार्ग नेपालको तराई क्षेत्र, पूर्वमा भद्रपुर (झापा) देखि पश्चिममा दोधारा (कञ्चनपुर) सम्म देशको सम्पूर्ण चौडाइलाई नाघ्दै खासगरी मधेशका बस्तीहरूको बीचोबीच गएको छ। यो नेपालको सबैभन्दा पुरानो राजमार्ग हो। सरकारी चिट्ठीपत्र एवम् कागजातहरू देशभर छिटोछरितो एवम् सजिलो हुने गरी ओसारपसार गर्ने प्रयोजनका लागि ८औं राणा प्रधानमन्त्री पद्मशमशेर जबराले

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# श्रीमतिको १३ औं पुन्यतिथीमा ५ लाख अक्ष्यको ट्रष्ट घोषण



विराटनगर । बृहत मधेशी नागरिक समाजको केन्द्रीय अध्यक्ष सुर्यनाथ प्रसाद सिंहले श्रीमति बिल्टी देवी सिहंको १३ औं पुन्यतिथीमा ५ लाख अक्ष्यकोषको ट्रष्ट घोषण गरेको छ ।

उक्त घोषणा बृहत मधेशी नागरिक समाज केन्द्रीय कार्य समिति विराटनगर परिवार र नेपाल कुशवाहा कल्याण समाज केन्द्रिय कार्य समिति काठमाण्डौले सिंहको श्रीमति बिल्टी देवी सिंहको ७२ वर्षको उमेरमा मंसिर ४ गते असामयिक निधन भएकोमा शब्द श्रद्धाञ्जी सभामा सिंहले सो घोषणा गरेको हो ।

सिंहले आमा स्व.जगिया देवी सिंह (नन्दी), स्व.श्रीमति बिल्टीदेवी सिंह र स्व. छोरी साजको नाम लाई जोडेर जगिया नन्दी साज कुशवाह मेमोरियल ट्रष्ट स्थापना गर्ने घोषणा गरेको छ ।

ट्रष्टमा सामाजिक क्षेत्रमा कामगर्ने व्यक्तित्वहरुलाई राखी उक्त अक्षयकोषवाट आएको व्याज रकमबाट पशुपक्षी, जीवजन्तुहरुको रक्षाको क्षेत्रमा काम गर्ने, अनुसन्धान गर्नेलाई पहिलो प्राथमिकतामा राखी शिक्षा, स्वास्थ्य समाजिक क्षेत्रमा उत्कृष्ट काम गर्ने संस्था वा व्यक्तिहरुलाई सम्मान र आर्थिक सहयोग गर्ने भएको छ ।

सिरहा जिल्ला विष्णुपुर गाउँपालिका वडा नं. ५ लक्ष्मीपुर निवासी हाल विरामहानगर पालिका वडा नं. १२ पाँचाली निवासी सिंहको २ छोरा र २ छोरी रहेका छन् ।

उक्त शब्द श्रद्धाञ्जली सभामा विभिन्न संघ, संस्था, राजनीतिक दलकाहरुले श्रद्धाञ्जली पत्र हस्तान्तरण गर्दै आफ्नो मन्तव्य र रचनाहरु प्रस्तुत गरेका थिए ।

# लागुऔषध र चोरी मुद्धाका फरार प्रतिवाढी पक्राउ

विराटनगर । लागूऔषध मुद्धा र चोरी मुद्धाका फरार प्रतिवादीहरुलाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेहरुमा लागूऔषध मुद्धाका सुनसरी धरान उप-महानगरपालिका वडा नं. ७ का ४१ बर्षीय नौसाद सिदिकी र चोरी मुद्धाका मोरङ कटहरी गाउपालिका वडा नं. १ का २३ बर्षीय सुरज कामत रहेका छन् । दुवैजनालाई सम्मानित सुनसरी र मोरङ अदालतबाट कैद भुक्तानको लागी विहीवार कारागार चलान गरिएको छ ।

लागूऔषध मुद्धामा सम्मानित सुनसरी जिल्ला अदालतबाट २०७१ पुस २७ गतेको सजाय निर्धारण फैसला आदेशले क्रमश: १ बर्ष १ महिना २४ दिन कैद र १ लाख जरिवाना भई लगत नं. ७२३२ मा कैद तथा जरिवाना बेरुजु रहि असुल गर्न बाँकी रहेको थियो ।

सिदिकीलाई चोरी मुद्धामा सम्मानित उच्च अदालत बिराटनगरको २०७८ भदौ २३ गतेको सजाय निर्धारण फैसला आदेशले क्रमश: १ बर्ष ६ महिना कैद र १५ हजार जरिवाना भई लगत नं.- ५८१ मा कैद जरिवाना बेरुजु रहि असुल गर्न बाँकी रहेको थियो ।

कामतलाई १ नम्बर प्रदेश प्रहरी कार्यालय, रिटबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्दै जाँदा गाउँघरमा नै लुकिछिपी बसेको अवस्थामा विहीवार फेला पारी पक्राउ गरि सम्मानित जिल्ला अदालतमा दाखिला गरिएको थियो ।




## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १

# श्वासनलीको संक्रमण के हो र कसरी जोगिने ?



**श्वासनलीको संक्रमण भनेको के हो ?**

नाक, मुख, घाँटी वा फोक्सोमा हुने कुनैपनि किसिमको संक्रमणलाई श्वासप्रश्वास नलीको संक्रमण भनिन्छ। साधारणतया यस्तो संक्रमण जीवाणुको कारणले हुन्छ तर वीषाणुको कारणले पनि हुन सक्छ ।

गम्भीर खालको चोट लागेमा वा टाउकोमा चोटपटक लागेको बिरामी लामो समयसम्म ओछ्यानमा पल्टिरहनु पर्ने भएमा उसको फोक्सोको चाल र गतिमा कमी आउँछ। जसले गर्दा फोक्सोभित्रबाट निस्किने खकारलाई बिरामीले खोकेर बाहिर निकाल्न सक्दैन। यसरी फोक्सोभित्र जमेको खकारले संक्रमण गराउने र संक्रमणलाई झन् खराब बनाई जटिल बनाउँछ ।

घाँटी र फोक्सोमा संक्रमण हुने कारण

पिनास हुने (साइनसिटिस)

घाँटीको संक्रमण (फाराइन जाइटिस)

स्वरनलीमा संक्रमण (लाराइन जाइटिस)

कानको मध्य भागमा संक्रमण (ओटोटिश मिडिया )

विषाणुबाट पनि श्वासप्रश्वास नलीमा गम्भीर संक्रमण हुनसक्छ जस्तै निमोनिया साथै नाक, मुख र घाँटीमा संक्रमित साधनहरु जस्तै रुमाल, मास्क, ओछ्यान, सिरक, आदि प्रयोग गरेमा वा प्रदुषित हावामा बिरामीले श्वासप्रश्वास लिएमा श्वासप्रश्वास नलीमा संक्रमण हुने गर्दछ ।

संक्रमणका लक्षणहरु

बिरामीलाई उच्च ज्वरो (९९ -१०३ डिग्री) आउँछ र धेरै पसिना आउँछ ।

बिरामीलाई श्वास फेर्न गाह्रो हुन्छ र छिटोछिटो श्वास फेर्छ ।

श्वास फेर्दा असाधारण आवाज आउँछ (जस्तै सुसेलेको आवाज वा सुइँसुइँ आवाज आउँछ) ।

खोकाइ फोक्सोभित्र खकार धेरै जमेको कारणले खोकी धेरै चर्को लाग्छ तर बिरामीको कमजोरी र खकार बाक्लो गाढा हुने भएकोले बिरामीले खोकेर खकार बाहिर निकाल्न असमर्थ हुन्छ ।

पहेँलो रङ्ग वा रगत मिसिएको बाक्लो खकार धेरै मात्रामा पोक्सोमा जमेको हुन्छ ।

बिरामीको पूरा शरीरमा पीडा हुन्छ र दैनिक गर्नुपर्ने कामकाज गर्दा पनि थकाइ लाग्छ ।

संक्रमणबाट जोगिन के गर्ने ?

घर वरपरको वातावरण स्वाच्छ राख्ने जस्तै धुलो, धुवाँ मुक्त राख्ने ।

घरेलु पाल्तु जनावरबाट बिरामीलाई टाढा राख्ने ।

बिरामीको वरपर भीडभाड हुन नदिने र भेट्न आउने आगन्तुकहरुलाई नियन्त्रण गर्ने ।

जलवियोजन हुन नदिन बिरामीलाई तातो झोलिलो पदार्थ जस्तै पानी जुस र सुप प्रशस्त पिउन दिने। किनकि ज्वरो र पसिना आउनाले शरीरबाट झोलिलो पदार्थ धेरै खेर गएको हुन्छ ।

बिरामीलाई न्यानो बनाई राख्ने। चिसोबाट बचाउने ।

बिरामीलाई राम्ररी हावा चल्ने कोठामा राख्ने ।

बिरामीलाई सुताएर ओछ्यानमा आराम गराउने बेलामा शरिरको पछाडीपट्टि तकिया राखेर बिरामीलाई सिधा आसनमा सुताउने ।

संक्रमण फैलनबाट रोक्नका लागी बिरामीको उपचार र हेरचाह अघि र पछि साबुन र पानीले राम्ररी हात धुने ।

श्वासप्रश्वास नलीमा संक्रमण भएका बिरामीको हेरचार गर्ने व्यक्तिले बिरामीको हेरचाह गर्ने बेलामा र बिरामीसँग बस्ने बेलामा मुख छोप्ने माक्स लागाउने ।

ध्यान दिनुपर्ने कुराहरु

बिरामीले लगाएको मुख छोप्ने माक्स कम्तिमा दुई दिनमा एकपटक धुनुपर्छ ।

बिरामीले प्रयोग गर्ने श्वासप्रश्वासका साधानहरु जस्तै अक्सिजन माक्स, श्वास फेर्ने मेशिन स्पाइरोमिटरको एन्टिसेप्टिक झोलले सफा गर्ने सो नपाएमा साबुनपानीले सफा गर्ने ।

प्रोटिनयुक्त पोषिलो खानेकुरा खाने जस्तै मासु, माछा, अण्डा र दूधजन्य पदार्थ, गेडागुडी र रेसायसक्त तरकारीहरु खुवाउने गर्नुपर्छ ।

यदि बिरामी आफैं वा हेरचार गर्ने व्यक्तिको सहायतामा बस्न सक्छ भने श्वास प्रश्वास र फोक्सोको चालमा मद्दत पुऱ्याउने अन्य आसन वा तरिका पनि अपनाउन सकिन्छ। फिजियो थेरापिष्ट वा नर्सले श्वासप्रश्वाससँग सम्बन्धित व्यायामहरु सिकाउनेछ ।

श्वासप्रश्वासको व्यायामले फोक्सोलाई फैलाउन मद्दत पुऱ्याउँछ। श्वासप्रश्वास गतिमा सुधार ल्याउँछ फोक्सोमा जमेको खकारमा हलचल पैदा गरी निकाल्न सजिलो बनाउँछ ।

पेटमा हातले हलुका थिच्दा फोक्सोमा हावा भरिएको महसुस गर्न मद्दत पुयाउँछ ।

नाकबाट फोक्सोभित्र हावा तान्ने र मुखबाट हावा छोड्ने ।

खोक्ने अभ्यास गर्नु भन्दा १० मिनेट अगाडि बिरामीलाई तातोपानी बाफ लिन लागाउनुपर्छ। यसले फोक्सो र श्वासप्रश्वास नलीमा भएका नरम बनाई निकाल्न मद्दत गर्छ ।

श्वासप्रश्वास नलीको संक्रमण भएको बिरामीले भित्रैदेखि बिस्तारै गहिरो सास तान्ने र छोड्ने पक्रिया प्रसस्त मात्रामा नगरेमा उसको फोके झन कमजोर हुन जान्छ। तर बिरामी कमजोर छ, भित्रैदेखि गहिरो सास तान्न छोड्न वा फेर्न नसक्ने अवस्थाको भएमा सास फेर्ने मेसिन स्पाइरोमिटरको प्रयोबाट श्वासप्रश्वास गराउन सकिन्छ। यसले फोक्सोलाई स्वास्थ्य बनाई राख्न मद्दत पुऱ्याउँछ। यस मेसिनबाट बिस्तारै सास तान्ने छोड्ने तरिका पनि सिक्न सकिन्छ ।

सास फेर्ने मेशिन स्पाइरोमिटरको प्रयोग गरी प्रत्येक १देखि२ घन्टामा १०,१५ पटक सास फेर्ने गर्नुपर्छ । वा जिजियोथेरापिष्टको निर्देशनअनुसार राख्न र निको हुन सक्रिय हुनुपर्छ ।

स्रोत: राष्ट्रिय स्वास्थ्य, सूचना तथा संचार केन्द्र ।

# मधेशी स्वास्थ्य कर्मीद्धारा मन्त्री यादवलाई सम्मान

बिराटनगर । मधेसी स्वास्थ्य कर्मी फोरम, नेपाल प्रदेश नं. १ र फोरम समर्थित जिल्ला प्रतिनिधीहरुले सामाजिक विकास मन्त्री जयराम यादवलाई स्वागत तथा सम्मान गरेका छन् ।

प्रदेश नं. १ सामाजिक विकास मन्त्रालयको सभाहलमा फोरमको प्रदेश कार्यसमितिका पदाधिकारी र विभिन्न जिल्लाका प्रतिनीधिहरुले एक कार्यक्रमको आयोजना गरी मन्त्री यादवलाई सम्मानपत्र र खादा ओढाएर सम्मान गरेको हो ।

स्वागत तथा सम्मान कार्यक्रममा मधेसी स्वास्थ्यकर्मी फोरम, नेपालका महासचिव कृष्णलाल यादवले स्वागत मन्तव्यको दिदैं नेपालको जनसंख्याको चाप बढ्दै गएकोले गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न कर्मचारी दरबन्दी थपिनुपर्ने, सरुवा/बढुवाको लागि समन्वय कार्यालयहरु हुनु पर्ने र एकीकृत सेवा प्रणालीलाई बिस्तार गर्नुपर्नेमा जोड दिएका थिए ।



त्यसैगरी मधेसी स्वास्थ्यकर्मी फोरम, नेपाल मोरङका अध्यक्ष राज कुमार दासले कोभिड महामारीको बेलामा पनि स्वास्थ्यकर्मीहरुले फ्रन्ट लाईनमा रहेर दिनरात जनताको सेवा गरेकोले उचित भत्ता नपाएको, मधेसी दलित आदिवासी स्वास्थ्य कर्मीहरुलाई बढुवामा भेदभाव गरिएको, बिगत ६ महिनासम्म पनि विभिन्न मागहरू राखेर चरणबद्ध आन्दोलन गर्दा केही मांगहरु मात्र पूरा भएको र बाँकी मह्तवपुर्ण मागलाई सम्बोधन गरिनुपर्ने अपेक्षा राखेको बताए।यसैगरि बिभिन्न जिल्लाबाट आएका स्वास्थ्यकर्मीले कर्मचारी समायोजन तथा पदस्थापनमा एकरुपता नितिसंगत नभएको लगायतका गुनासो राखेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि माननीय सामाजिक बिकास मन्त्री जयराम यादवले संघिय कानुनले प्रदेशको अधिकार निकै खुमच्याएको, कर्मचारी नियुक्तिमा प्रदेश लोकसेवा आयोगले पुर्णता नपाउन्जेल सम्मकालागि संघकै लोकसेवा आयोगको मुख ताक्नुपर्ने कानुनी जटिलता रहेकोले प्रदेश सभाबाट कानुनहरु बनाएर स्वास्थ्य कर्मीहरुको समस्याहरुलाई हल गर्ने प्रतिबद्धता जनाएका थिए । मन्त्री यादवले ग्रामीण भेगमा स्वास्थ्य सम्बन्धि सेवा सुबिधाहरु आम जनताको घर दैलोमा पुऱ्याउन यहाँहरुको भुमिका महत्त्वपूर्ण रहेकोले जिम्मेवारी पुर्वक जनचेतना पुर्याउन अनुरोध समेत गरेका थिए ।

सो कार्यक्रममा मधेसी स्वास्थ्यकर्मी फोरम, नेपाल प्रदेश नं. १ का अध्यक्ष हरि शंकर साहको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## व्यपारीको गोदाममा छापा
## ठूलो परिणामका अवैध कपडा बरामद

विराटनगर । भारतदेखि तस्करी गरि भण्डारण गरेर राखिएको गोदाममा प्रहरीले छापा मारेर ठूलो परिमाणको कपडा बरामद गरेको छ ।

विराटनगर महानगर पालिका वडा नं. ९ भानुटोलबाट एक जना व्यापारीले तस्करी गरि ल्याएको कपडा प्रहरीले शुक्रबार छापा हानेर बरामद गरेको हो ।

१ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरको रिट र गणको सादा पोशाकको प्रहरीले विनोद अग्रवालको घरमा भण्डारण गरि राखिएको ३५ बोरा कपडा बरामद गरेको मोरङ प्रहरीले जनाएको छ । बरामद गरेको कपडा विराटनगर का व्यापारी बब्लु अग्रवालको रहेको सुरक्षा स्रोतले जानकारी दिएको छ । बब्लुले भारतदेखि अवैध रूपमा तस्करी गरेर कपडा ल्याउने गर्दछन् ।

उनले क्यारिङ गराएर भण्डारण गर्ने र व्यापारीले भनेको ठाउँमा पुऱ्याउने जिम्मा लिने गर्दछन् । यसरी क्यारिङ गरेको कपडा गन्तब्यसम्म पुऱ्याउँदा उनले पिस हिसाबले व्यापारीसँग पैसा लिने गर्दछन् । प्रहरीले शुक्रबार बरामद गरेको कपडा लाखौं मुल्य बरावरको रहेको छ । १ बोरामा ५० देखि ७० पिस कपडा हुने गर्दछ । बरामद गरेको कपडा भेस्ट, साडी, कुर्ता सुरूवाल लगायतका सामान रहेका छन् ।

बब्लुले तस्करी गरि ल्याएको कपडा बसपार्क पूर्वमा रहेको उनका मामा विनोदको घरको गोदाममा ल्याएर राख्ने गरेका थिए । उनले भारतदेखि तस्करीको कपडा ल्याउन दुई दर्जन भरिया प्रयोग गर्दछन् । कपडा गोदामसम्म भरियाले ल्याइपुऱ्याउँदा ५ सय देखि एक हजार रुपैयाँसम्म दिने गरेका छन् ।

## लागुऔषध गाँजा सहित दुई पक्राउ

उदयपुर । उदयपुर चौदण्डि गढी नगरपालिका ४ नमुना चौकबाट गाँजा सहित २ जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सप्तरी सप्तकोशी नगरपालिका वडा नं. ९ कमलपुर का २९ बर्षिय जिबछ मण्डल र १९ .बर्षिय रुपेश कुमार सरदार रहेका छन् ।

बुधबार ईलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरी टोलिले चेकजाँच गर्दा स. ११ प ९७९ नम्बरको मोटरसाईकलमा सवार रहेका उनिहरुको साथबाट ६ सय ग्राम गाँजा बरामद गरेको हो ।८

पक्राउ परेका दुबैजनालाई मोटरसाईक्ल सहित ईलाका प्रहरी कार्यालय बेल्टारले थप अनुसन्धान गरिरहेको छ ।

## ट्रक दुर्घटनामा दुईको मृत्यु

ताप्लेजुङ, र ताप्लेजुङको सिरिजंघा गाउँपालिका वडा नं. ३ बोखिम स्थितमा ट्याक्टर दुर्घटनाबाट २ जनाको मृत्यु, २ जना घाईते भएका छन् ।

शुक्रवार ओरक्पाबाट कुन्जरी तर्फ गोलिया लिई जादै गरेको मे१त ६८९३ नम्बरको ट्याक्टर अनियन्त्रित भई सडकबाट अन्दाजी २०० मिटर तल खसी दुर्घटना हुँदा चालक सोही स्थानका फुङलादिनका २३ बर्षिय अमिन लिम्बु सहित २५ बर्षिय बसन्त लिम्बु, १५ बर्षिय समिर लिम्बु र १९ बर्षिय सुसन लिम्बु घाईते भएका थिए ।

घाईते बसन्त र अमिनलाई हेलिकप्टर द्वारा घोपा धरान र समिर र सुसनलाई एम्बुलेन्स द्वारा अस्पताल पठाईएको थियो र घाईते मध्ये बसन्तको घोपा धरानमा उपचारको क्रममा मृत्यु भएको छ भने समिरको प्राथमिक स्वास्थ्य केन्द्र तेल्लोकमा पुर्याउन साथ मृत्यु भएको थियो र

अन्य घाईते अमिन लिम्बुको घोपा धरानमा र सुसन लिम्बुको तेल्लोक प्राथमिक स्वास्थ्य केन्द्र उपचार भइरहेको छ र घटना सम्बन्धमा इलाका प्रहरी कार्यालय तेल्लोकबाट थप अनुसन्धान भइरहेको छ र

## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**


क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

जहदा गाउँपालिका मोरंग प्रदेश नं. १




# भीष्म पितामह की यह १० नीतियां जो आपनाएगा, वहीं सफलता पाएगा

अनिरुद्ध जोशी



भीष्म ने युद्ध के पहले और बाद में बहुत ही महत्वपूर्ण बातें कही थी । ऐसी कई बातें थी जिसे उन्होंने धृतराष्ट्र, दुर्योधन, कृष्ण, अर्जुन और युधिष्ठिर से कहा था । शरशय्या पर लेटे भीष्म ने युधिष्ठिर को संबोधित करके सभी को उपदेश दिया । उनके उपदेशों में राजनीति, नीति, जीवन और धर्म की गूढ़ बाते होती थी । आओ जानते ही कि भीष्म ने क्या कहा था ।

१. ऐसे वचन बोलो जो, दूसरों को प्यारे लगें । दूसरों को बुरा भला कहना, दूसरों की निन्दा करना, बुरे वचन बोलना, यह सब त्यागने के योग्य हैं । दूसरों का अपमान करना, अहंकार और दम्भ, यह अवगुण है ।

२. त्याग के बिना कुछ प्राप्त नहीं होता । त्याग के बिना परम आदर्श की सिद्धि नहीं होती । त्याग के बिना मनुष्य भय से मुक्त नहीं हो सकता । त्याग की सहायता से मनुष्य को हर प्रकार का सुख प्राप्त हो जाता है ।

३. सुख दो प्रकार के मनुष्यों को मिलता है । उनको जो सबसे अधिक मूर्ख हैं, दूसरे उनको जिन्होंने बुद्धि के प्रकाश में तत्व को देख लिया है। जो लोग बीच में लटक रहे हैं, वे दुखी रहते हैं ।

४. जो पुरुष अपने भविष्य पर अधिकार रखता है (अपना पथ आप निश्चित करता है, दूसरों की कठपुतली नहीं बनता) जो समयानुकूल तुरन्त विचार कर सकता है और उस पर आचरण करता है, वह पुरुष सुख को प्राप्त करता है। आलस्य मनुष्य का नाश कर देता है ।

५. सनातन काल से जब-जब किसी ने स्त्री का अपमान किया है, उसका निश्चित ही विनाश हुआ है । भीष्म पितामह ने युधिष्ठिर को बताया कि, स्त्री का पहला सुख उसका सम्मान ही है । उसी घर में लक्ष्मी का वास रहता है, जहां स्त्री प्रसन्न रहती है । जिस घर में स्त्री का सम्मान न हो और उसे कई प्रकार के दु:ख दिए जाते हो, उस घर से लक्ष्मी सहित अन्य देवी-देवता भी चले जाते हैं ।

६. भीष्म पितामह ने युधिष्ठिर को बताया कि जब नदी पूरे वेग के साथ समुद्र तक पहुंचती है तो बड़े से बड़े वृक्ष को बहाकर अपने साथ ले जाती है । एक बार समुद्र ने नदी से पूछा कि तुम्हारा जल प्रवाह इतना तेज और शक्तिशाली है कि उसमें बड़ा से बड़ा पेड़ बह जाता है लेकिन ऐसा क्या है कि छोटी घास, कोमल बेल और नरम पौधों को बहाकर नहीं ला पाती ? नदी ने कहा कि जब मेरे जल का बहाव आता है तो बेलें अपने आप झुक जाती है । किंतु पेड़ अपनी कठोरता के कारण यह नहीं कर पाते हैं, इसीलिए मेरा प्रवाह उन्हें उखाड़कर बहा ले आता है ।

७. महाभारत के युद्ध के पहले जब श्रीकृष्ण संधि के लिए हस्तिनापुर आए थे तब भीष्म ने दुर्बुद्धि दुर्योधन को यह कहकर समझाया था कि जहां श्रीकृष्ण है, जहां धर्म है, उसी पक्ष की जीत होनी निश्चित है । इसलिए बेटा दुर्योधन! भगवान कृष्ण की सहायता से तुम पांडवों के साथ संधि कर लो, यह संधि के लिए बड़ा अच्छा अवसार हाथ आया है । व्यक्ति को सदा धर्म की ओर ही रहना चाहिए ।

८. भगवाद श्रीकृष्ण की तरह भीष्म पितामह ने भी कहा था कि परिवर्तन इस संसार का अटल नियम है और सबको इसे स्वीकारना ही पड़ता है क्योंकि कोई इसे बदल नहीं सकता ।

९. भीष्म पितामह ने कहा था कि एक शासक को अपने पुत्र और अपनी प्रजा में किसी भी प्रकार का कोई भी भेदभाव नहीं रखना चाहिए। ये शासन में अडिगता और प्रजा को समृद्धि प्रदान करता है ।

१०. भीष्म पितामह ने कहा था कि सत्ता सुख भोगने के लिए नहीं, अपितु कठिन परिश्रम करके समाज का कल्याण करने के लिए होता है ।

संदर्भ- महाभारत

## शरणार्थी शिविरमा डे केयर भवनको मुख्यमन्त्रीद्धारा समुद्घाटन



विराटनगर । झापाको बेलडाँगी स्थित भुटानी शरणार्थी शिविरमा ज्येष्ठ नागरिकहरुको हेरचाहका लागि बनाईएको 'डे केयर भवन' को शनिवार प्रदेश १ को मुख्यमन्त्री राजेन्द्र राईले समुदघाटन गरेको छ ।

उक्त कार्यक्रमलाई सम्बोधनगर्दै प्रदेश १ का मुख्यमन्त्री राईले शरणार्थीहरुको दिगो व्यवस्थापनका निम्ति प्रदेश सरकारले संघीय सरकारसँग आवश्यक समन्वय र पहलगर्ने वताउँदै शरणार्थीहरुलाई आफ्नै मुलुक पठाउने, तेश्रो मुलुकमा पुर्नवासको व्यवस्था मिलाउने वा नेपालमै व्यवस्थापनका निम्ति कानुनीबाटो खोज्ने बिषयलाई सरकारले गम्भीरता पुर्वक लिएको वताए । शरणार्थीहरुको स्थायी व्यवस्थापनका साथ-साथै दैनिक जीवन यापनमा आई पर्ने व्यवहारिक समस्या समाधानका निम्ति समेत प्रदेश सरकार हिस्सेदार बनेर जान तयार रहेको मुख्यमन्त्री राईले दाबी गरेका थिए ।

इन्ट्रा नेशनल वेल्फेयर एण्ड सपोर्ट फाउन्डेशनअफ अमेरिकाद्वारा शरणार्थी क्याम्पमा दिवा सेवा भवन निमार्ण गरिएको हो । शनिबार एक भव्यकार्यक्रमको आयोजनागरि भवनको उद्घाटन गरिएको छ । फाउण्डेशनले करिब ७ महिना अघिदेखि नै भवन निर्माणको कार्य थालेको थियो ।

भवन निर्माणमा हाल सम्म ६५ लाख बराबरको काम भईसकेको छ । हाल बिजुलीबत्ती जडान र फाइनल फिनिसिङको काममात्र बाँकी रहेको फाउण्डेशनका क्षेत्रीय संयोजक राम बानियाले बताए । बेल्डाँगी स्थित क्याम्पमा रहेका शरणार्थीहरुको व्यवस्थापनमा सहयोग पुऱ्याउने उदेश्य सहित ३ सय जना अटाउन सक्ने क्षमताको डे केयर भवन निर्माण गरिएको उनले जानकारी गराएका थिए ।

भवन भित्र हाल २ वटा ठुल्ठुला हल, एउटा स्टेज र २ वटा अफिस सहितका संरचना निर्माण गरिएका छन् । उक्त भवन क्याम्प भित्र रहेका शरणार्थी सहित बाहिरका ज्येष्ठ नागरिकहरुका लागि समेत निर्माण गरिएको फाउण्डेशनले जनाएका थिए । यसअघि रुखको फेदमुनिदाउँदै दिन बिताउँदै आएका शरणार्थीहरुका लागि डे केयर भवन निकै नै लाभदायक साबित हुने फाउण्डेशनको विश्वास छ ।

प्रदेश नं. १ को मोरङ स्थितपथरी शनिश्चरेमा १ हजार ५ सय र झापाको बेल्डाँगी स्थित क्याम्पमा साढे ५ हजार शरणार्थीहरुको बसोबास छ । पथरीको शरणार्थी शिविरमा इन्ट्रा फाउण्डेशनले २ वर्षअघि नै करिब २५ लाखको लागतमा डे केयर भवन निर्माण सम्पन्न गरि हस्तान्तरण गरिसकेको छ ।

त्यसैगरी ज्येष्ठ नागरिक लक्षित दिवा सेवा भवनको उद्घाटन सँगै 'मेरो डान्स कप' र 'मेरो भ्वाईस कप' प्रतियोगिताको समेत शुभारम्भ गरिएको थियो ।

छोरा छोरीमा भेदभाव नगरौ । छोरा छोरी दुबैलाई अनिवार्य विद्यालय पठाऔं ।

# ब्राउन सुगर सहित महिला पक्राउ



झापा । झापा मेचीनगर नगरपालिका ६ मेची पुल स्थितबाट लागुऔषध ब्राउनसुगर सहित महिलालाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा झापा कन्काई ३ की २४ बर्षीया सरिता वि.क. रहेकी छिन् ।

सोमबार लागू औषध नियन्त्रण ब्युरो काकँरभिट्टाबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्दा वि.क.ले आफ्नी ८ बर्षीया छोरीको साथमा लुकाईछिपाई ल्याएको ब्राउनसुगर २ ग्राम फेला पारे पश्चात उनलाई पक्राउ गरिएको थियो ।

पक्राउ परेकी वि.क.को ईलाका प्रहरी कार्यालय काँकडभिट्टाबाट थप अनुसन्धान भईरहेको छ ।




## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईर?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १

## हुलाकी...

आफ्नो २००२ साल मंसीर १४ गतेदेखि २००५ साल वैशाख १६ गते सम्मको प्रधानमन्त्रीत्वकालको अवधिमा तराई मधेशमा पूर्वदेखि पश्चिमसम्म फैलिएको परम्परागत तराई मधेश मार्गलाई हुलाकी मार्ग नामांकृत गरी हुलाकी राजमार्गको निर्माण कार्यको थालनी गरेका थिए ।

यस सडकको निर्माण पद्मशमशेरले शुरु गरेकोले यसलाई पद्म रोड पनि भनिन्थ्यो । यो तराई मधेशको जिल्लाहरू जोड्ने पहुँचमार्ग पनि हो । यस राजमार्गलाई हुलाकी सडक, हुलाकी राजमार्ग, हुलाकी लोकमार्ग, हुलाकी बाटो, पद्म रोड, पहुँचमार्ग, हुलाकी मार्ग आदि मार्ग पनि भनिन्छ । अहिलेको जस्तो पूर्णरूपमा बस्ती विकास नभइसकेको र यातायातको पहुँच नभएको अवस्था वर्षौं पहिले यो हुलाकी बाटो अस्तित्वमा आएको थियो । महेन्द्र राजमार्ग चालू हुनु अघिसम्म हुलाकी राजमार्गको चल्ती थियो । तर पछि यस मार्गको उपेक्षा गरिँदै गयो । उपेक्षा भए जसरी अवस्था पनि बिग्रँदै गयो । पञ्चायती सरकारको व्यापक उपेक्षाका कारण हुलाकी राजमार्गको विकास हुन सकेन ।

महेन्द्र राजमार्गको निर्माणसँगै उक्त राजमार्गदेखिको उत्तरी पहाडी भेगमा उत्तर-दक्षिण राजमार्ग तथा मध्यपहाडी राजमार्ग निर्माणको थालनी भयो । तराईको हुलाकी राजमार्गप्रति ध्यान दिइएन, बल्कि तराईमा पनि महेन्द्र राजमार्गलाई नै आधार मानी उत्तर-दक्षिण सहायक मार्गहरू निर्माण गर्न थालिए । यस प्रकार तराईलाई पूर्व-पश्चिम जोड्ने हुलाकी मार्गको अस्तित्व समाप्त गर्ने र महेन्द्र राजमार्गलाई आधार मानेर मुलुकको उत्तरी-दक्षिणी सीमालाई जोड्ने गरी सडकको सञ्जाल बनाउने नीति अख्तियार गरियो । नेपालको कृषि तथा औद्योगिक विकासमा हुलाकी सडकको भूमिका सहयोगी सावित हुन सक्थ्यो तर सरकारले त्यता ध्यान दिएन ।

एकातिर राज्यले मुलुकको सबैभन्दा जेठो यस हुलाकी मार्गको अस्तित्व समाप्त पार्ने योजना बुन्दै थियो भने अर्कोतिर तराई मधेशका जनताले भने पूर्व-पश्चिम हुलाकी मार्गको विकल्पमा बनाइने उत्तर-दक्षिण सहायक मार्गबाट सन्तुष्ट थिएनन् र हुलाकी राजमार्गको पुनरुत्थान हुनै पर्छ भनेर आवाज उठाउँदै आएका थिए । मधेशी जनताको आवाज नेपाल राज्यले सुन्ने प्रयास नगरेको परिदृश्यमा मधेशको वकालत भारतीय दूतावास र भारतीय राजनेता सम्मबाट हुन थाल्यो । नेपाल भ्रमणमा आउने भारतीय प्रधानमन्त्री, मन्त्रीहरूको भ्रमणको क्रममा होस् वा मधेशी नेपाली राजनेताहरू भारत भ्रमणमा जाँदा होस् हुलाकी राजमार्गको चर्चा अनिवार्य हुन थाल्यो ।

सन् १९९० मा नेपालमा ठूलो राजनीतिक परिवर्तन भयो । एकदलीय पञ्चायती राज्यव्यवस्था को अन्त्य भई बहुदलीय राज्यव्यवस्थाको पुनर्स्थापना भयो । पञ्चायती शासन विरुद्ध आन्दोलन चलिरहँदाको अवस्थामा नेपाल आएर आन्दोलनकारीको हौसला बढाएका चन्द्रशेखर सन् १९९१ मा भारतको प्रधानमन्त्री रहँदा पनि नेपालको भ्रमण गरेका थिए । त्यस क्रममा उनले हुलाकी राजमार्गको कुरा उठेपछि उक्त मार्गको निर्माणमा सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए । त्यसको दुई दशकपछि सन् २०१० को जनवरीमा प्रधानमन्त्री मनमोहन सिंह (युपीए गठबन्धन) सरकारको विदेशमन्त्री एस.एम. कृष्णाले नेपालको भ्रमण गरे । त्यस क्रममा तराई क्षेत्रमा सडकको विकास र निर्माणको लागि समझदारीपत्रमा द्विपक्षीय हस्ताक्षर भयो । त्यसपछि सन् २०११ मा हुलाकी राजमार्गको निर्माणका लागि आवश्यक काम अगाडि बढेको हो ।

हुलाकी राजमार्ग परियोजनाको पहिलो चरणमा तराई जिल्लामा १९ वटा लिंक/हुलाकी सडकहरूको निर्माण समेटिएको छ । यी १९ सडकहरूको कुल लम्बाई ६०५ किलोमिटर हुनेछ, जसमा लगभग ७०० करोड भारतीय रुपैयाँको सहयोग रहेको छ । हाल यसमध्ये ३०६ किमिको १० सडक (१४ प्याकेज) को निर्माण कार्य जारी छ । यी सडकबाट ८८ लाख नागरिक लाभान्वित हुने अनुमान गरिएको छ । सडकले मानिसलाई सजिलो पहुँच प्रदान गर्ने मात्र नभई व्यापार र उद्योगको प्रवर्द्धनमा समेत मद्दत पुग्ने विश्वास लिइएको छ । प्रथम चरणको काम पूरा भएपछि दोस्रो चरणको काम थालिनेछ, जसअन्तर्गत ८४५ किमी सडक कभर गरिनेछ ।

हुलाकी राजमार्गको निर्माण प्रगतिको सन्दर्भमा चौथो संयुक्त परियोजना निगरानी समितिले हालै भिडियो-कन्फ्रेन्सिङ माध्यमबाट बैठक आयोजना गरी निर्माण कार्यको प्रगतिप्रति सन्तोष व्यक्त गरेको छ । बैठकले यस हुलाकी सडकको समग्र कार्यान्वयनको समीक्षा गर्दै १४ मध्ये १३ सडक प्याकेज पूरा भएकोलाई राम्रो प्रगति मानेको बताइएको छ । दुवै पक्षले कोभिड महामारीले उत्पन्न गरेको चुनौतीको बावजूद, परियोजनाले राम्रो प्रगति गरेको भन्दै पहिलो चरणको काम अन्तिम चरणमा भएको ठहर गरे ।

भारतको विदेश मन्त्रालयका संयुक्त सचिव (उत्तरी प्रभाग) अनुराग श्रीवास्तव एवं नेपालको भौतिक आधारभूत संरचना तथा यातायात मन्त्रालयका संयुक्त सचिव केशवकुमार शर्माले चौथो संयुक्त परियोजना निगरानी समिति (जेपीएमसी) को सह-अध्यक्षता गरेका थिए ।

लेखक, पत्रकारहरूले लामो समयदेखि हुलाकी राजमार्गको पुनर्निर्माणको विषयमा लेख्दै आएका छन् । राजनीतिक दल र नेताहरूले आश्वासन दिँदै आएको विषय हो हुलाकी राजमार्ग । संसद र सरकारमा पनि हुलाकी राजमार्गको कुरा उठ्दै आए । तर हुलाकी राजमार्गको निर्माण राष्ट्रिय योजनामा पर्न सकेको थिएन ।

सन् १९९० को राजनीतिक परिवर्तनपछि बन्दै गरेको सडक तथा यातायात विकासको योजनामा पनि हुलाकी राजमार्गको कुरा गौण नै देखिन्छ । योजनाले सडक नपुगेको १८ जिल्लाको सदरमुकामलाई कालोपत्रे सडकले जोड्ने सडकलाई प्रमुख प्राथमिकता दियो । जनसहभागिता परिचालन गरी कृषि सडकहरू बनाउने नीति पनि अँगालियो । त्यतिखेर २० वर्षको दीर्घकालीन सडक योजना निर्माण गरिँदै गर्दा वर्षेनि ६०० किमीका दरले जम्मा १२ हजार किमी सडक निर्माण गरिने लक्ष्य लिइएको थियो । सदरमुकाम जोड्ने सडकहरू, उत्तर-दक्षिण राजमार्गहरू (उत्तर-दक्षिण भन्नाले महेन्द्र राजमार्गको उत्तरी पहाडी भूभाग बुझ्नुपर्छ), मध्यपहाडी पूर्व-पश्चिम राज मार्गहरू, काठमाडौं-हेटौंडा सुरुङ मार्ग, काठमाडौं उपत्यकाभित्रको भित्री, बाहिरी र सुपर-आउटर रिङ्गरोडहरू र रेडियल रोडहरू र अन्य जिल्ला एवं शहरी सडकहरू गरी ६ हजार किमी र कृषि सडकहरू ६ हजार किमी सडक निर्माणको योजना बुनियो । तर ऐतिहासिक हुलाकी राजमार्ग निर्माणको योजना उल्लेख हुन सकेन ।

तराई मधेशको लाइफ लाइन, तराई मधेशको मेरुदण्ड, पहुँचमार्ग, वैकल्पिक राजमार्ग जस्ता विशेषणले अलङ्कृत हुलाकी राजमार्गको कथा र व्यथा ठूलो छ । तर यो अहिले बन्न लागेकोमा सबैलाई सन्तोष मिलेको छ । एक दिन यस रोडलाई 'डेड रोड' बनाउने काम भयो तर अहिले यसलाई राष्ट्रिय गौरवको आयोजनामा समेत सामेल गरिएको अवस्था छ । अब यसका भावी विषयमाथि केन्द्रित हुनु सकारात्मक र रचनात्मक हुनु हो । तर सडकको इतिहास कहिल्यै ओझेलमा पर्न सक्दैन । भारतीय सहयोगको सैद्धान्तिक सहमति २०६१ सालमा भयो । २०६२/६३ को परिवर्तनपछि भारत सरकारले नेपाल सरकारबाट छनोट भएका १ हजार ४४० किमी सडकहरूको डिजाइन सुपरीवेक्षण र निर्माण तीन चरणमा गर्ने गरी सम्पन्न गर्ने, सो वापत लाग्ने सम्पूर्ण खर्च भारत सरकारले व्यहोर्ने र जग्गा अधिग्रहण, पोल, रूखहरू हटाउने, हुलाकी राजमार्गमा पर्ने सम्पूर्ण पुलहरूको निर्माण नेपालले गर्ने गरी समझदारी भयो ।

राजा महेन्द्रले हुलाकी राजमार्गको समानान्तरमा चुरेको फेद हुँदै पूर्व-पश्चिम राजमार्ग बनाउने र त्यहींबाट सम्पूर्ण पहाडी भेगमा उत्तर-दक्षिण वा पूर्व-पश्चिम जहाँ जे ठीक हुन्छ त्यस्तो सडक बनाएर सिंगो पहाडी भेगमा सडक यातायात पु्याउने मार्गचित्र बनाए । महेन्द्र राजमार्ग नेपालको पूर्व-पश्चिम जोड्ने त्यही आधार राजमार्ग हो, जो झापाको काँकडभिट्टादेखि कञ्चनपुरको महेन्द्रनगरसम्म १०२७ किमी लामो छ । महेन्द्र राजमार्गले तराईको पर्सा जिल्लालाई छोएको छैन र पहाडका मकवानपुर र अर्घाखाँची जिल्ला हुँदै गएको छ । राजा महेन्द्रले २०१९ साल वैशाख १ गते नवलपरासीको गैंडाकोटमा महेन्द्र राजमार्गको शिलान्यास गरेका थिए ।

महेन्द्र राजमार्गको पाँच प्रमुख खण्ड छन् । तीमध्ये मेची-ढल्केबर र बुटबल-कोहलपुर-वनवासा खण्डको भारतले, ढल्केबर-पथलैयाको सोभियत रूसले, हेटौंडा-नारायणघाटको एशियाली विकास बैंकले र नारायणघाट-बुटबल खण्डको बेलायतले निर्माण गरेको हो । महेन्द्र राजमार्गको बारेमा यसले पूर्व-पश्चिमलाई एक सूत्रमा जोड्ने बताइएको थियो । तर यस राजमार्गले पहाडी भेगलाई मात्र जोड्ने काम गर्‍यो । तराईको लागि त यो राजमार्ग एक तरहले प्रत्युत्पादक नै सावित भयो । किनभने महेन्द्र राजमार्गको निर्माणको तात्पर्य हुलाकी राजमार्गको अवसान थियो । त्यसले गर्दा राज्यबाट उपेक्षित मधेशी हुलाकी राजमार्ग समाप्त हुँदै जाँदा राष्ट्रको मूलधारबाट झन् टाढिँदै गए । मुलुकको आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने हुलाकी सडकको अपेक्षित विकास हुन नसकेका कारण पनि राष्ट्रको विकास गति मन्द भएको हो ।

महेन्द्र राजमार्गलाई आधार बनाएर बिर्तामोड, इटहरी, लहान, बर्दिवास, हेटौंडा, भरतपुर, बुटबल, गोरुसिंगे, भालुवाङ, लमही, कोहलपुर, अत्तरियाबाट माथि उत्तर-दक्षिण राजमार्गहरू निर्माण गरिए । त्यसैगरी हुलाकी राजमार्गलाई अनुपयोगी बनाउँदै महेन्द्र राजमार्गबाट दक्षिण भारतीय सीमासम्म जोड्ने गरी सहायक मार्गहरू बनाइए । तर यी सहायक सडकहरूबाट मधेशको आवश्यकता पूर्णतः पूरा हुन सकेन र हुलाकी मार्ग बनाउनुपर्ने माग यथावत् कायमै रह्यो । अन्ततः हुलाकी राजमार्गको वास्तविक प्रगति २०६२/६३ सालको दोस्रो जनआन्दोलन पश्चात भयो । हुलाकी राजमार्गको निर्माण कार्य आ.व. २०६५/६६ बाट शुरू गरियो । ४७ अर्ब २७ करोड लगानी हुने यो राष्ट्र गौरवको आयोजना आ.व. २०७४/७५ सम्म सम्पन्न हुनुपर्ने थियो । तर निर्माण कार्यले गति लिन सकेन । फलस्वरुप आयोजनाको म्याद थप पाँच वर्ष बढाएर आ.व. २०७९/८० सम्म सम्पन्न गर्ने नयाँ मिति तय गरिएको छ । हुलाकी राजमार्ग दुई लेनको पूर्व पश्चिम ९७५ किमी फैलिएको सडक हो जो तराई मधेशको २१ वटै जिल्ला सदरमुकामहरूलाई जोड्दछ । पूर्व-पश्चिम राजमार्गबाट तराई मधेशका जिल्ला सदरमुकामसम्म जोड्ने ८१७ किमीको ३२ वटा सहायक राजमार्गहरू छन् । यी सबै जोड्दा हुलाकी राजमार्गको लम्बाइ १ हजार ७९२ किमी पुग्छ । यस राजमार्गमा हालसम्म ६५ प्रतिशत कालोपत्रे गर्ने कार्य पूरा भएको छ ।

देशमा सडक यातायातको विकास जति नै सुस्त गतिमा भए पनि हालसम्मको स्थितिको मूल्यांकन गर्दा उल्लेखनीय प्रगति भने अवश्य भएको भन्न सकिन्छ । सडकहरू शरीरका धमनीहरू झैं हुन्, जसबाट देशको अर्थतन्त्र चल्छ । उत्पादकलाई बजारसँग र श्रमिकहरूलाई रोजगारसँग जोड्दछ । हुलाकी राजमार्गको निर्माण पनि त्यसैको हिस्सा हो । हुलाकी राजमार्ग बन्न थालेदेखि मधेशको मुहारमा रौनक बढ्न थालेको छ । हुलाकी राजमार्ग पूर्ण क्षमतामा प्रयोगमा आएपछि तराई मधेशको पिछडिएको दक्षिणी भू-भाग पनि प्रदीप्त हुनेछ । हुलाकी सडकको मर्मत, निर्माण एवं सञ्चालनबाट सर्वाधिक फाइदा तराई मधेशका जनता एवं किसानलाई हुनेछ ।

यस राजमार्गले यस भेगको पहुँच विस्तार त गर्ने नै छ । तर यसले यस भेगको आर्थिक मुहारमा पनि रौनक ल्याउनु जरूरी छ । यसका लागि सरकारले आर्थिक मध्यस्थता केन्द्रहरू खोल्नु जरूरी छ । हुलाकी मार्गमा साना-साना आर्थिक क्रियाकलापहरूमा वृद्धि भएको देखिन्छ । तर यस भेगमा कृषि तथा कृषिमा आधारित उद्योग धन्दा खुलाउने पहल गर्नु आवश्यक छ । तराई इतिहासको अन्नभण्डार हो । मूलतः सडक यातायातको अभाव र विविध कारणले मधेशको वर्तमान भिक्षाटनमा व्यतीत भइरहेको छ । मधेशको गुमेको प्रतिष्ठा पुनः कायम गर्न सकिन्छ । (लेखक निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियन सप्तरीका अध्यक्ष हुन् ।)

